# नेपाल राष्ट्र बैंकको ५६ औं वार्षिकोत्सवका अवसरमा गभर्नर डा. युवराज खतिवडाको वक्तव्यको सारांश

१४ वैशाख २०६८
बालुवाटार, काठमाडौं ।

१. नेपाल राष्ट्र बैंक आज २०६८ साल बैशाख १४ गते आफ्नो स्थापनाको ५५ औं वर्ष पूरा गरी ५६ औं वर्षमा प्रवेश गरेको छ । बैंकको ५५ औं वार्षिकोत्सवको अवसरमा एक वर्ष अघि मैले उल्लेख गरेको मुलुकको आर्थिक तथा वित्तीय अवस्थाबाट यो स्थितिसम्म आईपुग्दा बैंकले निर्वाह गरेको भूमिका सबैका सामू छर्लंग नै छ । यस अवसरमा बैंकको काम कारवाहीमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, अन्तर्राष्ट्रिय वित्तीय निकायहरू तथा शुभेच्छुकहरूप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास प्रकट गर्न चाहन्छु ।

२. अब म यहांहरू समक्ष मुलुकको समग्र आर्थिक तथा वित्तीय स्थितिको साथै विगत एक वर्षमा नेपाल राष्ट्र बैंकले सम्पादन गरेका केही महत्वपूर्ण कार्यहरू बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु ।

३. केन्द्रीय तथ्याङ्क विभागका अनुसार चालू आर्थिक वर्ष २०६७/६८ मा मुलुकको कुल गार्हस्थ्य उत्पादन उत्पादक मूल्यमा ३.४८ प्रतिशत र आधारभूत मूल्यमा ३.४७ प्रतिशतले बढ्ने प्रारम्भिक अनुमान रहेको छ । जसमध्ये कृषि क्षेत्र ४.११ प्रतिशतले र गैर-कृषि क्षेत्र ३.०९ प्रतिशतले बढ्ने अनुमान छ । राजनैतिक संक्रमणकालीन अवस्थामा अपेक्षित सुधार हुन नसकेको, कमजोर श्रम सम्बन्धका कारण औद्योगिक क्षेत्रमा बन्द-हड्ताल, असुरक्षा लगायत विश्वासको वातवरण सृजना हुन नसकेको तथा विद्युत् एवं इन्धन आपूर्तिमा कमी आउनु जस्ता कारणले गर्दा चालू आर्थिक वर्षमा उद्योग तथा सेवा क्षेत्रको वृद्धिदर न्यून रहने अनुमान छ ।

४. आर्थिक वर्ष २०६७/६८ को आठ महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १०.७ प्रतिशत रहेको छ भने राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर १२.४ प्रतिशत रहेको छ ।

५. आर्थिक वर्ष २०६७/६८ को नौ महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रू. ६ अर्ब ४७ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा कुल सरकारी खर्चको तुलनामा राजस्व परिचालनको वृद्धिदर उच्च रहेको कारण सरकारी बजेट बचतमा रहेको हो ।

६. आर्थिक वर्ष २०६७/६८ को पहिलो आठ महिनामा नेपालको बाह्य क्षेत्रको स्थितिमा अघिल्लो वर्षको तुलनामा केही सुधार देखिएतापनि सन्तोषजनक भने हुन सकेको छैन । अघिल्लो वर्षको तुलनामा खासगरी व्यापार घाटामा आएको कमी र सेवा व्यापार तथा ट्रान्सफर आयमा भएको सुधारका कारण चालू खाता घाटामा उल्लेख्य सुधार भएतापनि वित्तीय खातामा असन्तुलन बढेका कारण समग्र भुक्तानी स्थितिमा अपेक्षित स्तरको सुधार हुन सकेको छैन ।

७. निर्यात व्यापारमा ६.६ प्रतिशतको वृद्धि भएको एवं आयात व्यापारको वृद्धि १.४ प्रतिशतमा सीमित रहेको कारण चालू आर्थिक वर्षको पहिलो आठ महिनामा निर्यात-आयात अनुपात १६.९ प्रतिशत पुगेको छ ।

८. समीक्षा अवधिमा मुलुकको समग्र शोधनान्तर स्थिति रू. ११ अर्ब ३० करोडले घाटामा रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू. १९ अर्ब १२ करोडले शोधनान्तर घाटामा रहेको थियो ।

९. २०६७ फागुन मसान्तमा कुल विदेशी विनिमय संचिति २०६७ असार मसान्तको तुलनामा ४.४ प्रतिशतले घटी रू. २५७ अर्ब ४ करोडमा सीमित रहन पुगेको छ । विद्यमान विदेशी विनिमय संचितिले ८.३ महिनाको वस्तु आयात र ७.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

१०. आर्थिक वर्ष २०६७/६८ को आठ महिनासम्ममा मौद्रिक तथा वित्तीय स्थितितर्फ विस्तृत मुद्राप्रदाय १.९ प्रतिशतले मात्र वृद्धि भएको छ भने संकुचित मुद्रा प्रदाय २.१ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति ५.३ प्रतिशतले घटेको छ भने आन्तरिक कर्जा ५.० प्रतिशतले बढेको छ ।

११. आर्थिक वर्ष २०६७/६८ को आठ महिनासम्ममा वाणिज्य बैंकहरूले निक्षेपको रुपमा परिचालन गरेको साधन र कर्जा प्रवाहबीच असन्तुलन यथावत रहेको छ । यस अवधिमा वाणिज्य बैंकहरूको निक्षेप रू. १२ अर्ब १४ करोडले बढेको छ भने कर्जा तथा लगानी रू. ५४ अर्ब २४ करोडले बढेको छ ।

१२. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको संख्या तथा ती संस्थाहरूको शाखा विस्तारमा वृद्धि भएको छ । २०६७ चैत मसान्तसम्ममा वाणिज्य बैंकहरूको संख्या ३१ पुगेको छ भने विकास बैंकको संख्या ८७, वित्त कम्पनीको संख्या ८० तथा लघु वित्त विकास बैंकको संख्या २१ पुगी “क” देखि “घ” वर्गसम्मको बैंक तथा वित्तीय संस्थाको कुल संख्या २१९ पुगेको छ । त्यस्तै, २०६७ चैत मसान्तसम्म वाणिज्य बैंक, विकास बैंक तथा

वित्त कम्पनीहरूको शाखा संख्यामा भएको विस्तारबाट प्रति बैंक-वित्तीय संस्था शाखाबाट औसतमा करिब ११ हजार जनसंख्याले सेवा प्राप्त गरेको देखिन्छ ।

१३. आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमा निर्यात कर्जा, साना तथा घरेलु उद्योगकोलागि प्रवाह हुने कर्जा, वैदेशिक रोजगारीको लागि तोकिएका मानिसहरूलाई प्रवाह हुने कर्जा र रुग्ण उद्योगको लागि प्रवाह भएको कर्जामा दिइने पुर्नकर्जादरलाई एकीकृत गरी एउटै पुर्नकर्जादर १.५ प्रतिशत कायम गरिएको छ । यस्तो कर्जामा बैंक तथा वित्तीय संस्थाले सम्बन्धित ऋणीबाट ४.५ प्रतिशतभन्दा बढी व्याजदर असुल गर्न नपाइने व्यवस्था गरिएको छ । त्यसैगरी, उत्पादनमूलक क्षेत्रमा प्रवाह गरिएको असल कर्जाको धितोमा प्रदान गरिने पुर्नकर्जादरलाई ७ प्रतिशत कायम गरी सम्बन्धित ऋणीबाट १० प्रतिशतभन्दा बढी लिन नपाउने व्यवस्था गरिएको छ । यस सुविधा अर्न्तगत वाणिज्य बैंकहरूले २०६७ चैत मसान्तसम्म रू. ३ अर्ब ८८ करोड उपयोग गरेका छन् ।

१४. वि.सं. २०४७ सालमा स्थापना भएको ग्रामीण स्वावलम्बन कोषले स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग हुने गरी लक्षित वर्गको आर्थिक एवं सामाजिक विकास गर्न थोक कर्जा उपलब्ध गराउँदै आएको छ । कोषबाट २०६७ पुस मसान्तसम्ममा ५७ जिल्लाका २४,७४० घरपरिवारले विभिन्न आय तथा स्वरोजगारमूलक कार्यक्रमहरू संचालन गरी प्रत्यक्षरुपले लाभान्वित भएका छन् । दीर्घकालीन रुपमा लघु वित्त सेवाको सहज आपूर्तिका लागि स्रोत साधन उपलब्ध गराउनका लागि विद्यमान ग्रामीण स्वावलम्बन कोषलाई राष्ट्रिय लघुवित्त कोषका रुपमा संस्थागत गर्न राष्ट्रिय लघु वित्त विकास कोष ऐनको मस्यौदा तयार गर्ने कार्य सम्पन्न भइसकेको छ ।

१५. नगद भारतीय मुद्राको मागमा देखिएको चापलाई दृष्टिगत गरी आवश्यक मात्रामा सो मुद्राको सटही सुविधा उपलब्ध हुने तर यसको दुरुपयोग हुन नदिने अभिप्रायले आवश्यकताको प्रमाण (Documents of Necessity) को आधारमा भारतीय रूपैयाँको सटही सुविधा प्रदान गर्ने व्यवस्थालाई अझै बढी सरल र पारदर्शी बनाउँदै लगिएको छ । भारतीय रूपैयाँको कारोवार गर्न इजाजतपत्रप्राप्त वित्त कम्पनीहरूबाट अनुरोध भई आएमा औचित्यका आधारमा भारतीय बैंकहरूमा Nostro Account खोल्न स्वीकृति दिने व्यवस्था गरिएको छ ।

१६. सुनचाँदी आयात सम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गर्ने सिलसिलामा सुनको हकमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय बमोजिम सो मन्त्रालयको परामर्शमा तयार गरिएको "सुन आयात तथा विक्री बितरण कार्यविधि" जारी गरी कार्यान्वयनमा ल्याइएको छ भने चाँदीको हकमा नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट कुनै किसिमको नियन्त्रण गर्ने निर्णय नगरिएकोले खुला बजार आयात इजाजत व्यबस्था बमोजिम आयात हुने व्यवस्था गरिएको ।

१७. नेपाल बैंक लि.लाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ (ग) को उपदफा १ (ण) अनुसार यस बैंकको नियन्त्रणमा लिइएको र त्यस्तो नियन्त्रणको अवधि २०६८ चैत्र मसान्तसम्म थप गरिएको छ । यसै बीच उक्त बैंकलाई २०६८ पुस मसान्तसम्म पूर्ण रुपले पूँजीकरण गरी नयाँ संचालक समितिलाई कार्यभार हस्तान्तरण गर्ने सहितको मार्गचित्र (Road Map) उक्त बैंकमा पठाइसकिएको छ ।

१८. राष्ट्रिय वाणिज्य बैंक लि.को व्यवस्थापन समूहका परामर्शदाताहरूसँग गरिएको करार अवधि जनवरी १५, २०१० मा समाप्त भए पश्चात् व्यवस्थापन समूहमा रहेका प्रमुख कार्यकारी अधिकृत वाहेकका अन्य सदस्यहरूले राजिनामा दिएका र व्यवस्थापन समूहका प्रमुख कार्यकारी अधिकृतको करार अवधि पनि समाप्त भएकोले हालका एक संचालकलाई प्रबन्ध संचालकको रुपमा तोकिएको छ । साथै, उक्त बैंकको प्रमुख कार्यकारी अधिकृतको लागि Terms of Reference र प्रमुख कार्यकारी अधिकृत छनौटको लागि आवश्यक मापदण्डहरू स्वीकृत गरी उक्त बैंकमा पठाइसकिएको छ ।

१९. पुनरावेदन अदालत पाटन, ललितपुरबाट नेपाल विकास बैंक लि.लाई तत्काल खारेज गर्ने आदेश भए बमोजिम खारेजीको प्रक्रियामा गइसकेको हुँदा उक्त विकास बैंकलाई प्रदान गरिएको वित्तीय कारोवार गर्ने इजाजतपत्र रद्द गरिएको छ ।

२०. Mashreqbank PSC, Dubai, UAE लाई नेपालमा प्रतिनिधि कार्यालय खोल्न अनुमति प्रदान गरिएको छ । साथै, नेपाल क्लियरिङ्ग हाउस लि. लाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ५ र दफा १०३ को व्यवस्था

बमोजिम शर्तहरू सहित अटोमेटेड तरिकाले विनिमयपत्र क्लियरिंग तथा सेटलमेण्ट सम्बन्धी कार्य गर्न पूर्व सहमति प्रदान गरिएको छ ।

२१. बैंक तथा ऋणीबीचको कारोवारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको गठीत गुनासो व्यवस्थापन समितिले २०६६ चैतदेखि २०६७ फागुन मसान्तसम्मको अवधिमा प्राप्त ५१ वटा गुनासोहरू मध्ये ४२ वटा गुनासो उपर सुनुवाइ गरेको छ ।

२२. असल कर्जाको धितोमा साधारण पुनरकर्जा दिन सकिने व्यवस्था अन्तर्गत यस्तो साधारण पुनरकर्जा सुविधा कुल रू. ३ अर्ब ४० करोड उपलब्ध गराई सकिएको छ । यस्तो साधारण पुनरकर्जाको व्याज ७ प्रतिशत रहने व्यवस्था गरिएको छ ।

२३. “क” वर्ग र राष्ट्रियस्तरका “ख” वर्गका इजाजतपत्रप्राप्त संस्थाहरूले नेपाल सरकारले तोकेका २२ दुर्गम जिल्लाका सदरमुकाममा शाखा खोलेमा संचालन खर्च प्रयोजनका लागि रू. ५० लाखसम्म र सदरमुकामभन्दा बाहिर शाखा खोलेमा रू. १ करोडसम्म यस बैंकबाट शून्य ब्याजदरमा कर्जा सुविधा उपलव्ध गराइने व्यवस्था अन्तर्गत २०६६ चैतदेखि २०६७ फागुन मसान्तसम्मको अवधिमा वाणिज्य बैंकलाई रू. २.५० करोड र विकास बैंकलाई रू. ३.५० करोड गरी कुल रू. ६.०० करोड कर्जा प्रदान गरिएको छ ।

२४. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७, तल्लो वर्गको इजाजतपत्रप्राप्त संस्था माथिल्लो वर्गको इजाजतपत्रप्राप्त संस्थामा परिणत हुन सक्ने (स्तरोन्नति) सम्बन्धी नीतिगत व्यवस्था, २०६७, बैंक/वित्तीय संस्थाहरूले प्रदान गर्ने सेवा तथा सेवाशुल्क सम्बन्धी मार्गदर्शन, २०६७, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको लागि व्यवस्थापन खर्च एवं कार्यकारी प्रमुखको तलव, भत्ता तथा अन्य आर्थिक सुविधाको सन्दर्भमा मार्गदर्शन र यस बैंकबाट इजाजतपत्रप्राप्त “क” वर्गका वाणिज्य बैंकहरूको जोखिम व्यवस्थापनलाई सवल बनाउन जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन (Risk Management Guidelines) जारी गरिएको छ भने गाभ्ने/गाभिने सम्वन्धी नीतिगत व्यवस्थाको प्रस्ताव तयार गरी छलफलमा ल्याइएको छ ।

२५. आवासीय निर्माण कार्यलाई निरुत्साहित हुन नदिन र वित्तीय पहुंच पुऱ्याउन रियल स्टेट कर्जामा संशोधन गरी रू. ६० लाखसम्मको व्यक्तिगत आवासीय घर कर्जा (Home Loan) लाई रियल स्टेटबाट हटाइएको छ । यस सम्बन्धमा घरजग्गा तथा रियल स्टेटको सुरक्षणमा प्रवाह हुने कर्जाको रकम धितो सुरक्षणमा राखिएको घरजग्गा तथा रियल स्टेट सम्पत्तिको Fair Market Value को ६० प्रतिशत ननाघ्ने गरी मात्र कर्जा प्रदान गर्नुपर्ने व्यवस्था गरिएको छ ।

२६. कार्यक्षेत्र विस्तार सम्बन्धी व्यवस्थामा “ख” वर्गका संस्था एकपटकमा एक तह मात्र अर्थात् १ जिल्ला कार्यक्षेत्र भएका ३ जिल्लासम्म, ३ जिल्लासम्म कार्यक्षेत्र भएका १० जिल्लासम्म र १० जिल्लासम्म कार्यक्षेत्र भएका राष्ट्रियस्तरसम्म तथा काठमाडौं उपत्यका बाहिर कार्यक्षेत्र कायम रहेका “ग” वर्गको वित्तीय संस्थाले स्थापना भएको वा कार्यक्षेत्र विस्तार गरेको ३ वर्षपछि मात्र क्रमिक रुपमा (तह ननाघ्ने गरी) थप कार्यक्षेत्र विस्तार गर्न सक्ने व्यवस्था गरिएको छ ।

२७. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था (कुनै एक आर्थिक क्षेत्रमा मात्र कर्जा प्रवाह गर्न स्वीकृति पाएका वित्तीय संस्था वाहेक) ले कुनै एक क्षेत्रमा आफ्नो कुल बाँकी कर्जा सापटको बढीमा ४० प्रतिशतसम्म कर्जा प्रवाह गर्न पाइने व्यवस्था गरिएको छ । साथै संस्थापक शेयर धितो कर्जाका सम्बन्धमा संस्थापक शेयरको ५० प्रतिशतसम्म शेयर मात्र धितो राख्न पाउने र सो को मूल्य बजार मूल्यको आधारमा मात्र कायम हुनसक्ने व्यवस्था गरिएको छ ।

२८. आफ्नो कुल बाँकी कर्जा सापट (विल्स खरिद तथा डिस्काउण्ट समेत) को आधारमा विपन्न वर्गमा अनिवार्य रुपमा लगानी गर्नुपर्ने न्यूनतम अंश अन्तर्गत “क” वर्गका इजाजतपत्रप्राप्त संस्थाका लागि ३ प्रतिशत, “ख” वर्गका इजाजतपत्रप्राप्त संस्थाका लागि २.५ प्रतिशत र “ग” वर्गका इजाजतपत्रप्राप्त वित्तीय संस्थाका लागि २ प्रतिशत तोकिएको छ ।

२९. वाणिज्य बैंकहरूलाई थप जोखिम प्रति संवेदनशील भई बैंकिङ्ग कारोवार संचालन गर्नका लागि जोखिम व्यवस्थापनको मार्गदर्शन स्वरुप Risk Management Guideline (RMG) तयार गरी लागू गरिसकिएको छ । यसैगरी बैंक सुपरिवेक्षण गर्दा बैंकमा अन्तर्निहित जोखिमको आधारमा सुपरिवेक्षकीय साधन स्रोतहरूको

परिचालन गरी सुपरिवेक्षण प्रक्रियालाई अझै प्रभावकारी बनाउंदै जाने उद्देश्य अनुरुप निकट भविष्यमा Risk Based Supervision प्रणाली लागु गर्नका लागि आवश्यक Risk Based Supervision Guidelines को मस्यौदा समेत तयारी भइसकेको छ ।

३०. २०६७ चैत्रसम्मको अवधिमा ११९ वटा “ख” र “ग” वर्गका वित्तीय संस्थाहरूको समष्टिगत स्थलगत निरीक्षण, विशेष निरीक्षण, लक्षित निरीक्षण तथा अनुगमन निरीक्षण सम्पन्न गरिएको छ ।

३१. युनाइटेड विकास बैंक लि., जीतपुर, बारा र गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. लाई बैंकको समग्र वित्तीय स्थिति कमजोर हुँदै गएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको छ । त्यसैगरी, सम्झना फाइनान्स कम्पनी लि., बनेपा, काभ्रेपलाञ्चोकलाई खारेज गर्न मिति २०६७/१२/१५ मा पुनरावेदन अदालत पाटनमा निवेदन दर्ता गरिएको छ ।

३२. मुलुकको आर्थिक एवं वित्तीय क्षेत्रमा आएको विस्तारले मुद्राको मागमा पनि विस्तार भइरहेको छ । आर्थिक वर्ष २०६६/६७ देखि नोटको माग प्रक्षेपणका आधार तथा विधिमा समसामयिक परिवर्तन गरिएको छ । साथै, नोट छपाई गर्ने कम्पनीहरूले समयमै आपूर्ति (Delivery) नगरेको कारण नोटको माग र आपूर्तिमा असन्तुलन आएको तथ्यको आधारमा आपूर्ति तालिका (Delivery Schedule) मा परिवर्तन ल्याउनुका साथै संझौताको शर्तहरूलाई समेत समयानुकूल बनाइएको छ ।

३३. मुलुकमा राजनीतिक संक्रमणकाल लम्बिएको र लगानीको वातावरण सुधिन नसकेको जस्ता कारणहरूले आर्थिक वृद्धि, रोजगारी सृजना र गरिबी निवारणको दिशामा उल्लेख्य प्रगति गर्न नसकिएको सन्दर्भमा केन्द्रीय बैंकको मौद्रिक तथा वित्तीय क्षेत्र नीतिहरूको माध्यमबाट मात्र धेरै उपलब्धी हासिल गर्न सक्ने सम्भावना नरहेतापनि मौद्रिक स्थायित्व र वित्तीय क्षेत्रको स्थायित्व कायम गरी देशमा आर्थिक वृद्धिको लागि अनुकूल वातावरण श्रृजना गर्ने कार्यमा बैंक दृढताका साथ लागी पर्नेछ ।

३४. अन्त्यमा, यस बैंकमा २० वर्षको सेवा अवधि पूरा गरी आज २० वर्षे सेवा पदक पाउनु हुने सम्पूर्ण सहकर्मीहरूमा म हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । त्यसैगरी, नेपाल राष्ट्र बैंक सेवामा रही यस वर्ष अवकाश पाउनु भएका कर्मचारी मित्रहरूको योगदानको स्मरण गर्दै उहांहरुको सुखी जीवनको लागि शुभकामना व्यक्त गर्न चाहन्छु । साथै, नेपाल राष्ट्र बैंकको कामकारवाहीमा विभिन्न तवरले सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, निजी क्षेत्रका संघ-संस्थाहरू, प्रवुद्ध वर्ग, दातृ निकाय लगायतका अन्तर्राष्ट्रिय संघ-संस्थाहरू र सरोकारवाला जनसाधारणलाई यस अवसरमा म धन्यवाद दिन चाहन्छु र आगामी दिनमा पनि बैंकलाई यस प्रकारको सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्दछु ।

**धन्यवाद !**